नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र**

त्रिपुरेश्वर, काठमाडौं
(प्रकाशित मितिः- २०७९/०४/०४)

# <u>तालीम सम्बन्धी सूचना</u> ।

यस लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको वार्षिक कार्यक्रम अनुसार यस आ.ब. २०७९/८० मा हाउस वायरिङ्ग, उद्यमशीलता विकास, खाद्य प्रशोधन, प्याट्रन सिलाई (बेसिक, एडभान्स), फेसन डिजाइन, कृष्टल सामाग्री उत्पादन, व्युटिसियन (बेसिक, एडभान्स), प्लम्बिङ्ग, मोबाईल मर्मत, मोटरसाइकल मर्मत, कफि वारिष्टा, बेकरी बेसिक तालीम सञ्चालन हुने हुँदा तालीम लिई भविष्यमा उद्यम व्यवसाय गर्न इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस केन्द्रको वेवसाइट www.mcsipc.gov.np मा रहेको अनलाइन आवेदन पोर्टलमा गएर अनलाइन आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त वेवसाइटमा रहेको सूचना पाटीमा यस सूचनासँग सम्बन्धित आवेदकको योग्यता, अनलाईन आवेदन पेश गर्ने तरिका एवम् अन्य विस्तृत बिवरण उपलब्ध रहेको हुनाले सो समेत हेरी आवेदन पेश गर्नुहुन जानकारी गराइन्छ । यस तालिमहरुसँग सम्बन्धित थप सूचना यस केन्द्रको वेवसाइटको सूचना पाटीमा नै प्रकाशित हुने व्यहोरा समेत यसै सूचनामार्फत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

# <u>तालीम सम्बन्धी विस्तृत विवरण</u>

(मिति २०७९।०४।०४ को सूचनासँग सम्बन्धित)

१. प्रशिक्षार्थीलाई तालीममा सहभागी भएवापत कुनै शुल्क लाग्ने छैन ।

२. प्रशिक्षार्थीमा हुनुपर्ने योग्यताः- नेपाली नागरिक, १८ वर्ष उमेर पुरा भएको हुनुपर्ने, साधारण लेखपढ गर्न सक्ने।

३. **<u>अनलाइन निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु (इमेज फाइल )</u>** :- निम्न कागजातहरुको **<u>इमेज फाइल (png, jpg वा jpeg)</u>** अनलाइन आवेदनसँगै पेश गर्नुपर्नेछ।

क) नेपाली नागरिकताको प्रमाणपत्र

ख) पासपोर्ट साईजको फोटो

ग) शैक्षिक योग्यताको प्रमाणपत्र

ङ) लक्षित समूहमा पर्ने भन्ने खुल्ने कागजात

च) व्यवसायिक योजना संक्षिप्तमा वढीमा २ पेज

छ) एडभान्स प्याट्रन सिलाई, फेशन डिजाइन तथा एडभान्स ब्युटिसियन तालिमको लागि यसअघि आधारभुत तालीम लिएको प्रमाणपत्र

४. योग्यता पुगेको आवेदकले पेश गरेको व्यवसायिक योजनालाई मुख्य मापदण्ड मानी प्रशिक्षार्थी छनौट गरिनेछ।व्यवसायिक योजनाको प्रस्तावको ढाँचा यस केन्द्रको वेवसाइटको सूचना पाटीमा राखिएको छ ।

५. गरिव, आर्थिक रुपले विपन्न, दलित, जनजाति, आदिवासी, महिला, मधेसी एवम् सिमान्तकृत पिछडिएका अल्पसंख्यक व्यक्ति, अपाङ्ग, शहिद परिवार, द्वन्द्व पीडित व्यक्तिहरु, रोजगार सूचना केन्द्रमा सूचिकृत वेरोजगार तथा अर्ध बेरोजगार लगायत यस केन्द्रको बेवसाईटमा रहेको लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालीम कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ४ ले तोकेको लक्षित समूहमा पर्ने व्यक्तिहरुलाई विशेष प्राथमिकता दिइनेछ । लक्षित समूहमा पर्ने भन्ने खुल्ने कागजात पेश गर्नुपर्नेछ ।

६. तालीम सञ्चालन हुने समयावधि एवम् स्थानको जानकारी छनौट भएका आवेदकलाई केन्द्रको वेबसाइट www.mcsipc.gov.np मार्फत् सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

७. तालीम सञ्चालन हुने स्थानः- प्रशिक्षार्थीहरुले अनलाइन आवेदन मार्फत् रुचिअनुसार तालीम सञ्चालन हुने स्थान छनौट गरेतापनि यस केन्द्रले स्रोतसाधन, भौतिक पूर्वाधार, बजेट, प्रशिक्षक उपलब्धता, आवेदक संख्या जस्ता सीमाभित्र रहेर छनौट गरेको स्थान नै लागू गरिनेछ ।

८. म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

९. उपयुक्त संख्यामा आवेदन प्राप्त नभएमा वा अन्य कुनै कारणले केन्द्रले आंशिक वा पूर्णरुपले तालीम कार्यक्रम संसोधन एवम् रद्ध गर्न सक्नेछ ।

१०. दरखास्त पेश गर्नुपर्ने अन्तिम मितिः- २०७९।०४।२४ गतेभित्र ।

११. थप जानकारीको लागि केन्द्रको वेवसाइटमा उल्लेखित केन्द्रको ठेगाना र सम्पर्क नम्बरमा सम्पर्क गर्न सकिनेछ।

१२. अनलाइन आवेदनमा पेश गर्नुपर्ने विवरण एवम् कागजातहरु नभरेको/प्राप्त नभएको वा स्पष्ट नभएको कारण आवेदन रद्ध हुन सक्ने भएकोले आवेदकले आवेदन पेश गर्नुभन्दा पहिले राम्ररी रुजु गर्नुपर्नेछ ।

१३. प्रशिक्षार्थीले तालीममा सहभागी भएवापत् कुनै पनि प्रकारको भत्ता एवम् सुविधा पाउने छैन ।

१४. प्रशिक्षार्थीहरुले आफू छनौट भएको सूचना, तालीम सञ्चालन हुने स्थान, समय र मितिको जानकारी समय समयमा यस केन्द्रको वेवसाइटको सूचना पाटीमा राखिने सूचना हेरी स्वयम् प्रशिक्षार्थीहरुले प्राप्त गर्नुपर्नेछ । यस सम्बन्धमा छुट्टै व्यक्तिगत सूचना दिनुपर्ने गरी माग वा गुनासो आएमा कुनै सुनुवाई गरिनेछैन ।

१५. दुईवटा भन्दा बढी तालीमको आवेदन दिन सकिने छैन । एक जनाले सकभर आफ्नो व्यवसायिक रुचि अनुसार एक तालीमको छनौट गर्ने निवेदकलाई प्रोत्साहन गरिनेछ ।

१६. संचालन हुने तालीमका बिषयहरुः संचालन हुने तालीमका बिषयहरुको सूचि निम्न तालिकामा राखिएका छन्।

| सि.नं. | तालीमको नाम | तालिम संचालन हुने स्थान | जम्मा छनौट हुने संख्या (जना) | तालीम अवधि |
|---|---|---|---|---|
| १ | हाउस वायरिङ्ग | काठमाडौं, झापा (बिर्तामोड), रुपन्देही (बुटवल) | ६० | २ महिने |
| २ | उद्यमशिलता विकास | काठमाडौं, दार्चुला (शैलशिखर न.पा.), ईलाम (सुर्योदय न पा), सुनसरी (कोशी गा पा), धनुषा (जनकपुर), रुपन्देही (भैरहवा, बुटवल), मनाङ (चामे र हुम्दे), लमजुङ्ग (सुन्दरबजार), जुम्ला(चन्दनाथ), दाङ्ग (तुलसीपुर), पाँचथर (फिदिम), बर्दिया (गुलरिया), गुल्मी (मुसिकोट र इस्मा), कास्की (माछापुच्छ्रे गा पा), कैलाली (धनगढी), गोरखा (अजिरकोट), तनहु (आवुखैरेनी र भानु) | ५७३ | ७ दिने |
| ३ | खाद्य प्रशोधन | काठमाडौं | २० | १० दिने |
| ४ | बेसिक प्याट्रन सिलाई | काठमाडौं, चितवन (भरतपुर), सर्लाही (ईश्वरपुर न पा) | ६० | २ महिने |
| ५ | एडभान्स प्याट्रन सिलाई | काठमाडौं, चितवन (भरतपुर), धनुषा (जनकपुर) | ६० | २ महिने |
| ६ | फेसन डिजाइन | काठमाडौं | २० | २ महिने |
| ७ | कृष्टल सामाग्री | सिन्धुली (कमलामाई न पा) | २० | १ महिने |
| ८ | व्युटिसियन बेसिक | काठमाडौं, नवलपरासी (बर्दघाट सुस्ता पूर्व गैडाकोट), कंचनपुर (महेन्द्रनगर) | ६० | २ महिने |
| ९ | व्युटिसियन एडभान्स | काठमाडौं, मकवानपुर (हेटौडा), चितवन (भरतपुर) | ६० | २ महिने |
| १० | प्लम्बिङ्ग | मोरङ्ग (बिराटनगर), सिराहा (अर्नमा गा पा), लमजुङ्ग (सुन्दरबजार) | ६० | २ महिने |
| ११ | मोबाईल मर्मत | काठमाडो | २० | २ महिने |
| १२ | मोटरसाइकल मर्मत | काठमाडौ, सुनसरी (ईटहरी) | ४० | २ महिने |
| १३ | कफि वारिष्टा | काठमाडौं | २० | १५ दिने |
| १४ | बेकरी बेसिक | काठमाडौं, महोत्तरी (बर्दिबास न पा) | ४० | १५ दिने |

१७. अनलाइन पोर्टलमा दरखास्त पेश गर्ने तरिका:-

क) इन्टरनेट तथा स्पिकर भएको कम्प्युटर (मोवाइल प्रयोग गर्न मिल्ने भएपनि सम्भव भएसम्म कम्प्युटर नै प्रयोग गर्नु होला) मा वेव ब्राउजर खोलेर बेवसाईट www.mcsipc.gov.np मा गएर "अनलाइन आवेदन" मा Click गर्ने ।

ख) तपाईको कम्प्युटरमा निम्न बमोजिमको window देखिनेछ ।




(ग) तपाईको कम्प्युटरमा माथि तस्वीरमा देखिएको Window मा "User guide" वा युट्युव (youtube) को बटनमा "Click" गरेपछि युट्युव भिडियो खुल्नेछ । (युट्युव लिङ्क: https://www.youtube.com/watch?v=W-QKX७२AFGo)

(घ) उक्त युट्युव भिडियोले तपाईलाई अनलाईन फारम पेश गर्ने सबै तरिकाहरु सिकाउने छ ।

(ङ) युट्युव भिडियोले दिएको जानकारी र यो सूचनामा रहेको बिवरणमा केही फरक परेमा यो सूचनाको विवरण नै मान्य हुनेछ ।

(च) थप जानकारीका लागि यस केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।